फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

बैठक संख्याः- आ.व. ०८२/०८३- ०८

मितिः-२०८२/०९/२१ गते सोमबार

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्तक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | पार्वती सुनुवार | |
| २. | उपाध्यक्ष | राजु बराल | |
| ३. | १ नं. वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४. | २ नं. वडा अध्यक्ष | शंकर बहादुर भण्डारी | |
| ५. | ३ नं वडा अध्यक्ष | टेक बहादुर रजन मगर | |
| ६. | ४ नं. वडा अध्यक्ष | मोहन मगर | |
| ७. | ५ नं. वडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | |
| ८. | ६ नं. वडा अध्यक्ष | कुलेन्द्र बहादुर मगर | |
| ९. | कार्यपालिका सदस्य | लिल बहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया थापा मगर | |
| ११. | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | |
| १४. | कार्यपालिका सदस्य | मंगलादेवी तामाङ | |
| १५. | प्रमुख प्रशासकीय अधिकृत | डम्बरबहादुर रजनमगर | |

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा

(२) आरुबोटं सडक निर्माण आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने सम्बन्धमा

(३) भेरियशन आदेश स्वीकृत गर्ने सम्बन्धमा

(४) आठौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको खर्चको प्रस्ताव सम्बन्धमाः

(५) आर्थिक सहायता सम्बन्धमाः

(६) हिउँदे अधिवेशन सम्बन्धमाः

(७) सुधारिएको खोर गोठ प्रवर्द्धन र करेसाबारी निर्माण कार्यक्रम संचालन सम्बन्धमाः

(८) प्रधानमन्त्री रोजगार कार्यक्रमको वडा नं. ५ को योजना छनौट सम्बन्धमाः

(९) प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम निकासा सम्बन्धमाः

Scanned with CamScanner

**निर्णय नं. १. गत बैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा**

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका पहिलो चौमासिक अवधिमा विकास निर्माण कार्य तथा सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २. आरुबोट सडक निर्माण आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने सम्बन्धमाः**
चालु आ.व. को स्वीकृत कार्यक्रम अनुसार आरुबोट सडक निर्माण फिक्कल १ शीर्षकमा रु. १० लाख बजेट विनियोजन भएकोमा प्राविधिकबाट स्थलगत नापजाँच पछि तयार लागत अनुमान गर्दा रु.१९९११६७.०२।- बराबरको लागत अनुमा तयार भई पेश भएकोले विनियोजित रकम अपुग हुने भई अपुग रकम स्रोत सुनिश्चित गरी आगामी कार्यपालिकबाट निर्णय अनुमोदन गर्ने गरी सार्वजनिक खरिद ऐन, नियम बमोजिम सिलबन्दी दरभाउपत्र मार्फत खरिद प्रकृया अगाडि बढाउने गरी मिति २०८२/८/२६ गते कार्यालयबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै आरुबोट सडक मर्मत शीर्षक अन्तर्गतको रु. ५ लाख बजेट समेत यसै आयोजनामा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. भेरियशन आदेश स्वीकृत गर्ने सम्बन्धाः**
आ.व. ०८१/०८२ मा यस गाउँपालिकाको प्रशासकीय भवनको भित्री सान्दर्यीकरण लगायत फर्निचर व्यवस्थापनका लागि बोलपत्र मार्फत मिति २०८२/३/२० गते श्री चण्डिका मोडर्न फर्निचर एण्ड स. मिल प्रा.लि., बानेश्वर-१० काठमाडौंसँग ३% छुट सहित रु. ९९५३८०६.०४।- (मु.अ. कर र पि.एस. सहित) मिति २०८२/९/३० गते सम्म सम्पन्न हुने गरी कार्यदिश दिएको ।उक्त भवनको भित्री सौन्दर्यीकरण निर्माण गर्न लागत अनुमानमा समावेश नभएका कार्यहरु जस्तै, क्वाटरमा बेड बनाउने, किचन न्याक बनाउने,ओपन क्याविनेट बनाउने,पोडियम बनाउने,साथै सम्झौताको BOQ मा भन्दा फरक काम गर्नुपर्ने आईटमहरु जस्तै प्लाईको पार्टिसन,जिपसम बोर्डको सट्टामा ईंटाको वाल लगाउने, प्रोजेक्टरको ठाउँमा स्मार्टबोर्ड राख्ने लगायतका अन्य कार्यहरुका लागि परिमाण थपघटको नापजाँच सहित लागत अनुमान भन्दा १४.९४ बढी रकम रु. १९००३७९.३१

र सम्झौता भन्दा २४.५२ प्रतिशत बढी रकम रु. २१९९८४८.८० सहितको संशोधित लागत अनुमान र सम्झौता सहितको भेरियशन आदेश सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम (१) बमोजिम भेरियशन आदेश स्वीकृत गर्ने निर्णय गरियो । साथै विनियोजित बजेटबाट अपुग हुने रकम फर्निचर तथा फिक्चर्स शीर्षकको रु. १० लाख, कोसेली घर संचालन तथा व्यवस्थापन शीर्षकको रु. ५ लाख र समपुरक कोष खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. आठौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको खर्च प्रस्ताव सम्बन्धमाः**

मिति २०८२ साल पौष २४-२७ गते सम्म सञ्चालन हुने आठौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्न चालु आ.व. ०८२/०८३ मा विनियोजित बजेट शीर्षकबाट तपसिल बमोजिम शीर्षकगत खण्डिकृत खर्चको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | क्रियाकलाप शीर्षक | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १ | रेफ्रि र सहायक रफ्री पारिश्रमिक | १५०,००० | खटिने रेफ्रीको पारिश्रमिक समितिबाट निर्णय गरी निर्धारण गरे बमोजिम हुने |
| २ | स्वयंसेवक पारिश्रमिक | १५,००० | |
| ३ | विद्यालय पुरस्कार | ६२,५०० | |
| ४ | प्रमाण-पत्र छपाई र डिजाईन | ४०,००० | |
| ५ | मेडल र कप/अतिथि सत्कार सामग्री | ७०,००० | |
| ६ | खेलकुद सामग्री | ८०,००० | |
| ७ | रेफ्री, स्वयंसेवक, आवास, खाना, पानी | १,००,००० | |
| ८ | बैठक खर्च (खाजा, खाना) | ३०,००० | |
| ९ | व्यानर | १००० | |
| १० | मेडिकल सामग्री | २०,००० | |
| ११ | ढुवानी खर्च तथा फिल्ड सरसफाई | १०,००० | |
| १२ | विविध खर्च | १०,००० | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | जम्मा | ५,८८,५०० | |

सहभागी विद्यालयहरुलाई अनुदान रकमः

| क्र.सं. | विद्यालयको नाम | दूरी | खेल विधा संख्या | विद्यार्थी संख्या | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | मा.वि. महादेवडाँडा फिक्कल १ | ४७ कि.मी. | २८ | ४० | ५५००० |
| २ | जनजागृति मा.वि. ढोडेनी फिक्कल १ | ३४ कि.मी. | २४ | २४ | ५०००० |
| ३ | मा.वि. काउलेडाँडा फिक्कल १ | ३७ कि.मी. | २८ | ३५ | ५५००० |
| ४ | प्रकाशोदय मा.वि. खुरहरी फिक्कल ३ | ३७ कि.मी. | २० | ४२ | ५०००० |
| ५ | चण्डिका मा.वि. चनौटे फिक्कल ३ | २५ कि.मि. | २५ | ४६ | ५०००० |
| ६ | मा.वि. सालुके फिक्कल ६ | २१ कि.मी. | २८ | ४९ | ५०००० |
| ७ | मा.वि. लुम्ती फिक्कल २ | २१ कि.मी. | २६ | ४३ | ४५००० |
| ८ | मा.वि. सुम्नामसुन्तले चण्डिभञ्याङ फिक्कल २ | १४ कि.मी. | २६ | २१ | ३५००० |
| ९ | मा.वि. रातमाटा सालघारी फिक्कल ३ | १२ कि.मी. | २६ | ३० | ३५००० |
| १० | फिक्कल मा.वि. सोल्पाठाना फिक्कल ५ | ११ कि.मी. | २७ | ३० | ३५००० |
| ११ | रत्नगंगा मा.वि. | १३ कि.मी. | २८ | ३७ | ३५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सोखु डिहिटार फिक्कल ६ | | | | |
| १२ | महाकाली मा.वि. पोटी खाङसाङ फिक्कल ४ | ४ कि.मी. | २९ | ४७ | ४०००० |
| १३ | सुनकोशी मा.वि. सोखुबेशी फिक्कल ४ | ० कि.मी. | २८ | ३७ | २०००० |

**निर्णय नं. ५. आर्थिक सहायता सम्बन्धमाः**

| क्र.सं. | पीडित/विरामी/असहाय | संरक्षक/आफन्त | रकम | कारण |
|---|---|---|---|---|
| १ | कुम बुमारी योन्जन | श्याम बहादुर योन्जन फिक्कल १ माझखर्क | २०००० | आगोमा परेको |
| २ | मेक बहादुर मगर फिक्कल १ | जंगबहादुर मगर बाबु | २०००० | मुटु रोग |
| ३ | जय प्रसाद पौडेल फिक्कल ६ | | १०००० | मेरुदण्ड भाँचिएको |
| ४ | डडिता पौडेल फिक्कल ६ | | ७००० | |

**निर्णय नं. ६. हिउँदे अधिवेशन सम्बन्धमाः**

फिक्कल गाउँपालका गाउँसभाको १७ औं अधिवेशनको बैठक मिति २०८२ साल माघ ६ र ७ गते आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ . सुधारिएको खोर गोठ प्रवर्द्धन र करेसाबारी निर्माण कार्यक्रम संचालन सम्बन्धमाः**

- चालु आ.व. ०८२/०८३ मा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुधारिएको खोर गोठ प्रवर्द्धन तथा आवश्यक सामाग्री वितरण कार्यक्रम फिक्कल गाउँपालका वडा नं. २, ३ र ५ मा १२० र १, ४ र ६ मा २८० वटा गरी जम्मा ४०० घरधुरीमा प्रति गोठ/खोरको लागि रु. १००००।- उपलब्ध गराउने गरी कार्यक्रम संचालन गर्ने ।

Scanned with CamScanner

- एक घर एक करेसाबारी निर्माण तथा प्रवर्द्धन कार्यक्रम फिक्कल गाउँपालिका वडा नं. २, ३ र ५ मा ४८ वटा र १, ४ र ६ मा ८५ वटा गरी जम्मा १३३ घरधुरीलाई रु. १५ हजारका दरले पोखरी निर्माणंका लागि अनुदान उपलब्ध गराउने ।

**निर्णय नं. ८. योजना संशोधन/रकमान्तर सम्बन्धमाः**

| साविक योजनाको नाम | रकम | संशोधन पछि नाम | रकम |
|---|---|---|---|
| प्रा.वि. तल्लो चनौटे मर्मत कार्य | ५०००० | सच्चाई भवन निर्माण | ५०००० |

**निर्णय नं. ९ प्रधानमन्त्री रोजगार कार्यक्रमको वडा नं. ५ को योजना छनौट सम्बन्धमाः**

तपसिल बमोजिमको योजना छनौट गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | तल्लो बाह्रबिसे लुगाधुने खोला गोरेटो बाटो | १,१९,८८६ |
| २ | ठुलढुङ्गा भवन मर्मत तथा रङरोगन (विद्यालय) | १,५०,८०० |
| ३ | फलफुल बगैचा गोडमेल, सडक विरुवा संरक्षण | ७९,९२४ |
| ४ | डाडाँगाउँ खेलमैदान विरुवा घेरावेरा | ४९,,६६४ |
| ५ | जाङजाङ पदमको घर संरक्षण | १९,६०४ |
| ६ | हल्दे, अर्थुङ्गे, कर्पु सडक मर्मत | ५९,५६६ |
| ७ | गैरीगाउँ भन्ज्याङ गोरेटो सिढी निर्माण | १५,९८,४८ |
| ८ | कटहर बोट, हल्दे, लहरे बर गोरेटोबाटो | ५९,५६६ |
| | जम्मा | ६;९८,९५८ |

Scanned with CamScanner

**निर्णय नं. १०. प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम निकासा सम्बन्धमा:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको काम सम्पन्न भएका योजनाहरुको रकम निकासा गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | वेतीनी खुर्सानी भन्ज्याङ्ग गोरेटोबाटो मर्मत फिक्कल-३ | ७५४०० |
| २ | पोखरी गाउँ ओखेनी गोरेटोबो सरसफाई फिक्कल-३ | ४९२६६ |
| ३ | पानी ट्याङ्की देखि पुरानो वडा कार्यालय सम्म बाटो सरसफाई तथा पुरानो वडा कार्यालय देखि घुमाउनेटारसम्म गोरेटोबाटो निर्माण फिक्कल-३ | १४८५३८ |

Scanned with CamScanner